# नेपाली कथाका नवचेतनावादी धारका प्रमुख आन्दोलनहरू

**सीता अधिकारी थापा**

उपप्राध्यापक
नेपाली विभाग
महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल
✉ adhikari.sitath@gmail.com

**https://doi.org/10.3126/dristikon.v14i1.66066**

## लेखसार

प्रस्तुत लेख नेपाली कथाको एउटा निश्चित कालखण्डमा देखिएका साहित्यिक आन्दोलनका बारेमा केन्द्रित रहेको छ । नेपाली आख्यान साहित्यको अत्यन्त लोकप्रिय र समृद्ध विधा कथालाई वर्तमान अवस्थासम्म ल्याइपुऱ्याउन साहित्यिक अभियान तथा आन्दोलनहरूको योगदान अविस्मरणीय रहेको छ । नेपाली साहित्यका क्षेत्रमा विभिन्न कालखण्डमा सचेत ढङ्गले विविध किसिमका भाषिक, सांस्कृतिक र साहित्यिक अभियानहरू चलेका देखिन्छन् । लेखक साहित्यकारले भाषासाहित्यमा नयाँ चिन्तन, समयसापेक्ष प्रयोगसँगै अवधारणाहरू प्रस्तुत गरी घोषित रूपमा नै आन्दोलनको परम्परा विकसितभएको पाइन्छ । विभिन्न समयमा देखिएका यस्ता महत्त्वपूर्ण अभियान तथा आन्दोलनहरूले समग्र साहित्यका साथै कथा विधालाई नयाँ चेतनाका साथ गतिशीलता प्रदान गरेको पाइन्छ तर ती सबैका बारेमा गहन खोजअध्ययन हुन आवश्यक रहेको देखिन्छ । नेपाली कथाको माध्यमिक काल र आधुनिक कालको पूवार्द्धसम्म देशमा राणातन्त्रको चरम निरङ्कुशता रहेको बखत साहित्यकारहरूले विभिन्न विधाका लेखनीमार्फत शोषण-उत्पीडनका विरोधमा क्रान्तिका स्वर उरालेको पाइन्छ । निर्दलीय पञ्चायती व्यवस्थाको दमनका विरोधमा साहित्यिक आन्दोलनको भिन्न स्वरूपमा निरन्तरता रहेको देखिन्छ । कतिपय अभियानले नेपाली साहित्यका क्षेत्रमा नयाँ तरङ्गहरू ल्याएर विभिन्न प्रभाव पनि छाडेका छन् । यस लेखमा यी सबै आन्दोलनका बारेमा अध्ययन गर्ने नभई केवल आधुनिक कथाका क्षेत्रमा २०२०देखि नवचेतनावादी धारामा देखिएका तेस्रो आयाम, राल्फा आन्दोलन, अस्वीकृत जमात र लीलालेखनका बारेमा अध्ययन गरिएको छ । यसकालागि पुस्तकालीय स्रोतबाट अध्ययन सामग्री सङ्कलन गरी तिनको व्याख्या-विश्लेषण गरिएको छ । कथाको आरम्भदेखिहालसम्म साहित्यिक आन्दोलनहरूले पुऱ्याएका योगदानका बारेमा समय सान्दर्भिक नवीन खोजअनुसन्धान तथा पुनर्मूल्याङ्कन गरिनुपर्ने आवश्यकता रहेको देखिन्छ । आधुनिक नेपाली कथासाहित्यमा विभिन्न प्रयोगका माध्यमबाट नवीन मोड ल्याउन, सामाजिक-सांस्कृतिक परिवर्तन एवम् वैचारिक स्पष्टता दिन, बहुलवादी तथा वैश्विक चेतनाको प्रयोग र कथाका शिल्पशैलीगत मान्यतामा परिवर्तन ल्याउनका लागि यस्ता अभियान एवम् आन्दोलनहरू महत्त्वपूर्ण रहेको निष्कर्ष पाइन्छ ।

*शब्दकुञ्जी* : अस्वीकृत जमात, आयामिक लेखन, परम्पराभञ्जन, प्रयोगपरकता, लीलालेखन

## विषयपरिचय

नेपालभित्र र बाहिरबाट नेपाली भाषामा लेखिएका कथालाई नेपाली कथा भनिन्छ । आजको परिवर्तित सन्दर्भमा बहुभाषी देश नेपालभित्र बोलिने हरेक भाषाका कथालाई पनि नेपाली कथाका वृहत् अर्थमा लिन उदार हुनुपर्ने देखिन्छ । मानवसभ्यताको विकासमा भाषाको आविष्कार सँगसँगै कथाको पनि आरम्भ भएको अनुमान

गरिन्छ । कथ्य र श्रुति परम्परामा जीवित रहँदै जनजीवनसँग अभिन्न सम्बन्ध राखेको नेपाली कथा मौखिक परम्परा अर्थात् कथ्य स्वरूपबाट नै लेख्य रूपमा प्रारम्भ भएको देखिन्छ । नेपाली कथाको आधुनिक कालका पनि विभिन्न मोड-उपमोडहरू रहेका छन् । यसक्रममा २०२०देखि नेपाली कथामा अर्को नवीन मोड देखा परेको छ । आधुनिक नेपाली कथाको २०२०-२०४५को अवधिलाई नवचेतनावादी धाराको समय मानिन्छ । यस मोडमा देखिएका विभिन्न नवीन कथाप्रवृत्तिलाई आधार मानी यसलाई नेपाली कथाको नवचेतनावादी वा प्रयोगवादी धारा भनिन्छ । यस मोडको सुरुवात् आयामेली कथाकार इन्द्रबहादुर राई र प्रयोगवादी कथाकार ध्रुवचन्द्र गौतमका कथाबाट भएको हो । यस धारका कथामा देखिएका प्रमुख कथाप्रवृत्ति प्रयोगवाद हो भने प्रवृत्तिहरूमा रैखिक ढाँचाका गणितीय वा सिलसिलेवार कथानकको अनुपस्थिति, मिश्रित प्रकारको खुकुलो संयोजन, पात्रको अल्पमत चित्रण,वस्तुविशेषको विस्तारका साथ साङ्गोपाङ्गो वृत्तान्त,नयाँ भाषिक अभिव्यक्ति वा व्याकरणको खोजी,अन्य विधाहरूको औपचारिक सम्मिश्रणको आग्रह, स्थानविशेषभन्दा विश्वजनीन स्वभावका हुने सांस्कृतिक रूचि आदि देखिन्छन् ।यस समयमा विभिन्न साहित्यिक सांस्कृतिक आन्दोलनहरूदेखिएका छन् । कथालेखनमापरम्परित कथापद्धतिभन्दा भिन्न किसिमका प्रयोगपरक ढाँचाका अपारम्परिक शैलीलाई महत्त्व दिइएको पाइन्छ ।

नेपाली भाषासाहित्यका क्षेत्रमा समयको प्रवाहसँगै विभिन्न नवीन चिन्तन, जागरण, प्रयोग र प्रभावहरू देखिएका छन् । घोषित वा अघोषित रूपले आरम्भ भएका यस्ता अभियान, आन्दोलन, घटना, काण्ड, पर्वआदि साहित्यिक लेखनका निम्ति उत्प्रेरक बनेको पाइन्छ । नेपाली साहित्यको प्राथमिक कालमा चर्चामा रहेको जोसमनी सन्त काव्यपरम्परा सामूहिक मतको आरम्भविन्दु र माध्यमिककालमा मोतीमण्डली सामूहिक साहित्यिक अभियानको रूपमा घोषित रहेको देखिन्छ । नेपाली साहित्यमा २००७ को राजनीतिक परिवर्तनसँगै वैचारिक आन्दोलन देखा परेकोमानिन्छ । त्यस्तै २०१७ सालको राजनीतिक निरङ्कुशताको आरम्भले साहित्य शिल्पशैली पक्षमा अमूर्तता, जटिलता र विसङ्गत चिन्तनको प्रयोग र प्रभाव व्यापक देखिएको छ । आधुनिक कालमा साहित्यसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्ध राख्ने यस्ता वैचारिक आन्दोलन, अभियान र प्रयोगको निरन्तरता आधुनिक कालमा अझ धेरै देखिएका छन् । यस लेखमा आधुनिक नेपाली कथाको नवचेतनावादी धारामा देखिएका विभिन्न आन्दोलनमध्ये कथाका सन्दर्भमा महत्त्वपूर्ण देखिने आयामेली आन्दोलन, राल्फा, अस्वीकृत जमात र लीलालेखनमा केन्द्रित रहेर चर्चा गरिएको छ ।

**समस्या र उद्देश्यकथन**

प्रस्तुत लेखमा आधुनिक नेपाली कथाको नवचेतनावादी धारामा केकस्ता आन्दोलनहरू देखिएका छन् ?र तिनले नेपाली कथामा परिवर्तन ल्याउन केकति भूमिका खेलेका छन् ?भन्ने विषयलाई प्रमुख समस्याको रूपमा लिइएको छ । उपर्युक्त समस्यामा केन्द्रित रहेर आधुनिक नेपाली कथाको नवचेतनावादी धारामा देखिएका प्रमुख आन्दोलन र तिनका प्रभावका बारेमा व्याख्या विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## शोधसामग्री तथा अध्ययन विधि

आधुनिक नेपाली कथाको नवचेतनावादी धारामा देखिएका विभिन्न आन्दोलनहरूमा केन्द्रित यस लेखका लागि द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । पुस्तकालयीय कार्यबाट सङ्कलनगरिएका विभिन्न पुस्तक, लेखरचना सङ्ग्रह, जर्नल आदिलाई अध्ययन सामग्रीकारूपमा लिइएको छ । सङ्कलित सामग्रीको व्याख्या-विश्लेषणात्मक विधिबाट समस्याको समाधान खोजी गरिएको छ ।

## परिणाम तथा छलफल

### कथाको पष्ठभूमि र विकास

साहित्यका विभिन्न विधाहरूमध्ये कथा अत्यन्त लोकप्रिय विधा मानिन्छ । आख्यान भेदका रूपमा चिनिने कथा मानवसभ्यताको आदिमकालदेखि नै जीवनजगत्सम्बद्ध अनुभव, अनुभूति र कल्पनाशक्तिको सुन्दर अभिव्यक्ति हो । कथ्य अभिव्यक्तिका रूपमा लोकविश्वास र जनजीवनका अनेकौं विषयमा कथिएका मौखिक रचनाहरू पुस्तान्तरणसँगै परिष्कृत र परिमार्जित बन्दै हस्तान्तरण हुँदै आएका छन् । पूर्वीय र पश्चिमी जगत्मा लोककथ्यका रूपमा प्रचलित कथाले मानिसको बौद्धिक विकाससँगै लिपिको विकास भएपछि कथ्य स्वरूपबाट लेख्य रूपमा प्रवेश गरेको देखिन्छ । लोककथा, तिलस्मी, जादुगरी, आध्यात्मिक कथाहरू मानिसका तीव्रतम कल्पना क्षमताका अनुपम नमुना हुन् । हरेक मानवसमाजका आआफ्ना जातिगत सभ्यता, मौलिक संस्कृति, प्राकृतिक उतारचढाब, पर्यावरण, भौगोलिकता लगायत जीवनजगत् प्रत्येक वस्तुका कथा हुन्छन् । ग्रामीण संस्कार र संस्कृतिका अभिन्न अङ्गका रूपमा विभिन्न अवसरमा कथा कथेर सुनाउने परम्परा अहिले पनि जीवितै रहेको देखिन्छ । समयको गतिशीलता एवम् मानवजीवन र समाजको विकासको गतिसँगै कथाको स्वरूप र शैलीमा निरन्तर नवीन परिवर्तनका अभिलक्षणहरू देखा परिरहेका हुन्छन् ।

आधुनिक नेपाली कथाको पृष्ठभूमिमा मौखिकबाट लेख्य रूपमा आएका कथाहरू नै रहेका छन् । नेपाली कथाको लेख्य परम्परा महाभारत विराटपर्व (वि.सं.१८२७) बाट आरम्भ भएको मानिन्छ । नेपाली भाषाको पहिलो लिखित कथात्मक गद्यकृति महाभारत विराटपर्वको मूल स्रोत संस्कृत साहित्यको प्राचीन ग्रन्थ महाभारत रहेको देखिन्छ । किंवदन्ती कालका नेपाली कथाहरूले पौराणिक ग्रन्थ, नीतिशास्त्र, प्राचीन आख्यान, लोकआख्यान तथा अनेकन् किँबदन्तीहरूलाई आधार मानी तिनको प्रभाव ग्रहण गरेको पाइन्छ भने यो परम्परा माध्यमिक कालसम्म पनि जारी रहन्छ ।

### *आधुनिक कथाको प्रमुख चरणहरू*

आधुनिक नेपाली कथाको समग्र कालखण्ड (वि.सं.१९९२ देखि हालसम्म)लाई अध्ययन सहजताका निम्ति विभिन्न आधारमा मूलतः तीन चरण विभाजन गरिएको पाइन्छः

**यथार्थवादी चरण (वि.सं.१९९२-२०१९ सम्म) :** नेपाली साहित्यको इतिहासमा **शारदा** (१९९१) पत्रिकाको प्रकाशनलाई एउटा महत्त्वपूर्ण कोसेढुङ्गा मानिन्छ । नेपाली साहित्यमा आधुनिक कालको प्रारम्भका सम्बन्धमा विभिन्न मतमतान्तर देखिएकाले यसबारेमा नयाँ खोज अनुसन्धानको सम्भावना पनि कायमै रहेको छ । हिन्दीका प्रसिद्ध कथाकार प्रेमचन्दको आधुनिक भनेको सामान्य अर्थमा समयसापेक्ष भए पनि विशिष्ट अर्थमा आधुनिकले पूर्ववर्तीभन्दा विशेष भिन्न समय र आधुनिकताको अर्थ स्वचेतना हो भन्ने अभिमत रहेको पाइन्छ (वर्मा र अन्य, १९८५ : पृ. ८६) । साहित्यिक पत्रिका शारदाको प्रकाशनसँगै आधुनिक अभिलक्षणसहितका रचनाहरू छापिएपछि नेपाली साहित्यका विभिन्न विधामा आधुनिकताको प्रवेश भएको देखिन्छ । गुरुप्रसाद मैनालीको कथा नासो (१९९२) छापिएपछि यथार्थ र मौलिकताको संवरणसँगै नेपाली कथामा आधुनिक काल प्रारम्भ भएको हो । यसै साल कथाकार विश्वेश्वरप्रसाद कोइरालाको चन्द्रवदन र बालकृष्ण समको पराइघर कथा *शारदा* पत्रिकामै प्रकाशित भएपछि नेपाली कथाको विकास प्रक्रियामा सामाजिक यथार्थवाद, मनोवैज्ञानिक यथार्थवाद र यी दुवैको मध्यमार्गी धार स्वतन्त्र तर समानान्तर रूपमा विकसित भएको पाइन्छ । त्यसैले नेपाली कथामा समकालीन चेतनासँगै आधुनिकताको सूत्रपात शारदा पत्रिकाबाटै भएको हो भन्ने प्रस्ट हुन्छ । मैनालीका कथाप्रवृत्ति, कोइरालाका

कथाप्रवृत्तिसँग निकट रहेर १९९२ पछि आधुनिकताको चेतना प्रखर रहेका कथा लेख्ने कथाकारहरूले स्वदेशी परिवेश र वस्तुस्थितिको सूक्ष्म निरीक्षण, विदेशी साहित्यको आधुनिक प्रविधिको प्रभाव, वैज्ञानिक विकासका भौतिकवादी उपलब्धिमा जीवनलाई जोडेर हेर्ने प्रयासले आधुनिक नेपाली कथासाहित्यमा निकै ठूलो परिवर्तन आएको पाइन्छ। मैनालीका प्रवृत्तिका सामाजिक यथार्थवादी कथाले सामाजिक वस्तुयथार्थको चित्रण गरे भने कोइरालाका मनोवैज्ञानिक यथार्थवादी प्रवृत्तिका कथाले व्यक्ति मनोलोकको विचरणका साथै समाज मनोविज्ञानलाई पनि कथामा उतारेको पाइन्छ। यिनै सामाजिक र मनोवैज्ञानिक यथार्थवादी कथा प्रवृत्तिमा आधारित भएर लेखिएका क्रान्तिपूर्वका नेपाली कथामा २००७ को प्रजातान्त्रिक आन्दोलनपछि प्रगतिवादी वा समाजवादी यथार्थवादी प्रवृत्तिसमेत जोडिएर २०१९ सम्म निर्वाध रूपमा यात्रा अघि बढेको देखिन्छ। पुष्करशमशेर, भवानी भिक्षु, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, गोविन्द गोठाले, हृदयचन्द्रसिंह प्रधान, रमेश विकल, विजय मल्ल लगायतका धेरै कथाकारहरूले नेपाली कथाको यथार्थवादी धारालाई समृद्ध बनाउन महत्त्वपूर्ण योगदान दिएका छन्।

**नवचेतनावादी वा प्रयोगवादी चरण (वि.सं.२०२०-२०४५सम्म)** : नेपाली कथामा २०२० देखि अर्को नवीन मोड देखा परेको छ। यस मोडका नेपाली कथामा देखिएका विभिन्न नवीन चेतनाका कथाप्रवृत्तिलाई आधार मानी यसलाई नवचेतनावादी धार भनिएको पाइन्छ। आधुनिक नेपाली कथासाहित्यको नवचेतनावादी धारा कथालेखनमा नवीन प्रयोगको लेखन हो। पाश्चात्य प्रयोगवादी प्रभावबाट अपारम्परिक रूपमा आएको हुनाले यसलाई प्रयोगवादी धारा पनि भनिन्छ।२०१७सालमा प्रजातन्त्रमाथि प्रतिबन्ध लगाएपछि पञ्चायती व्यवस्थामा साहित्य सर्जकहरूका अभिव्यक्ति स्वतन्त्रताको हनन्का कारण निकै असहज परिस्थिति रहेको देखिन्छ। व्यवस्था परिवर्तनको प्रतिक्रियास्वरूप त्यसविरूद्ध असन्तुष्टिका स्वरलाई अभिव्यक्त गर्ने माध्यमका रूपमा साहित्यिक सिर्जनामा परम्पराभन्दा भिन्न प्रयोगहरू हुन थालेको पाइन्छ। रूपरेखा (२०१७)पत्रिकाको प्रकाशनसँगै नवोदित कथाकारका आगमनले कथाको कथ्य र शिल्पमा नवीनताको प्रयोगका साथै नयाँ मोडको आरम्भभएको पाइन्छ। २०१७ देखि २०१९ बीचको समय नवचेतनावादी कथाधाराको सङ्क्रमणकाल मानिन्छ -शर्मा, २०५९, पृ.२०६)। यस समयमा कथालेखन सुरू गर्ने कथाकारहरू कुमार ज्ञवाली, कुमार नेपाल, परशु प्रधान, मदनमणि दीक्षित आदिका कथामा सङ्क्रमणकालीन प्रवृत्ति पाइन्छ। कृष्ण धरावासीले बीसको दशकलाई नेपाली साहित्यका सबै विधाहरूमा घनघोर परिवर्तनकारी दशक मानेका छन् (धरावासी, २०५९: पृ.९३)।कथालेखनमा अघिल्ला चरणका कथाकारहरू पूर्ववर्ती कथाधारमा यथावत् सक्रिय रहेपनि कथाशिल्पका नवीन चेतनासहित युवा कथाकारहरूको सङ्ख्या अधिक देखिन्छ। वि.सं.२०२०को दशकदेखि नेपाली साहित्यको आधुनिक चरणमा आएको नयाँ मोडको अभियन्ताहरूमध्ये इन्द्रबहादुर राईले नेपाली कथालाई नयाँ चेतनाको माथिल्लो स्तरमा पुऱ्याउन गरेको योगदान अनुपम छ (श्रेष्ठ, २०७०: पृ.१३२)। नवचेतनावादी कथाधारालाई सक्रिय बनाउने ध्रुवचन्द्र गौतम, पारिजात, परशु प्रधान, प्रेमा शाह आदि कथाकार हुन् भने बीसको दशकको उत्तरार्द्धदेखि कविताराम, शैलेन्द्र साकार, मनु ब्राजाकी, सनत रेग्मी, भाउपन्थी, जगदीश घिमिरे, लिलध्वज थापा, हरि मञ्जुश्री, धुब सापकोटा, राजब, गोविन्द गिरी प्रेरणा, मञ्जु काँचुली, पद्मावती सिंह, खगेन्द्र सङ्ग्रौला लगायतका धेरैको योगदान रहेको देखिन्छ। परम्परित नेपालीकथाको परिभाषा, मान्यता र संरचना बदल्ने सशक्त यस मोडलाई नवचेतनावादी काल, नवयुगका रूपमा पनि चिनिन्छ। यस चरणमा साहित्यिक विधासँग सम्बन्धित आयामेली आन्दोलन (२०२०), राल्फा (२०२३), अमलेख (२०२६), अस्वीकृत जमात (२०२७), योङ्ग राइटर्स फ्रन्ट (२०३१), बुटपालिस (२०३१), लीलालेखन (२०३४) आदिजस्ता आन्दोलनहरू भएका छन्। मूलतः प्रगतिवादी कथालेखनका विकासका साथै कतिपय स्वतन्त्र नवचेतनका कथा लेखनमा यो चरण अघि बढेको देखिन्छ।

**उत्तरवर्ती चरण (२०४६ देखि हालसम्म)** : कथा साहित्यको अत्यन्त लचक विधा मानिन्छ । आधुनिक नेपाली कथायात्राले आरम्भदेखि नै परिवर्तित समयसन्दर्भलाई आत्मसात् गर्दै युगीन नवचेतनासहित समकालीन यथार्थ प्रस्तुतिमा केन्द्रित गरेको देखिन्छ । २०४६देखि बहुदलीय व्यवस्थामा प्रवेश गरेपछि राजनीतिबाट हरेक क्षेत्रजस्तै कथा विधा पनि प्रभावित बनेको देखिन्छ । यसपछि पूर्ववर्ती कथाप्रवृत्तिहरू यथावत् रहँदै नेपाली कथामा पाश्चात्य उत्तरआधुनिकतावादी प्रभावले बहुलतावादी प्रवृत्ति मौलाएको देखिन्छ । नारीचेतना, लैङ्गिक चेतना, सशस्त्र द्वन्द्वका सन्त्रास र युद्धका अभिघात, डायस्पोरिकचेतना, सीमान्तीय चेतना, पर्यावरणीय चेतना, युगीन विसङ्गति र जटिलता, अर्थबहुलता आदि उत्तरवर्ती नेपाली कथामा पाइने प्रवृत्तिहरू देखिन्छन् । नेपालको समकालीन आन्तरिक राजनीतिक परिवेशमा व्यापक उथलपुथल र परिवर्तन भोग्दै नेपाली कथाले सामाजिक, सांस्कृतिक मूल्यमान्यताका परम्परित संरचनामाथि विनिर्माण गरेको छ । यस समयका नेपाली कथाले समकालीन वैश्विक परिवेश र युगीन चेतना प्रवाह गरेको देखिन्छ । पछिल्लो दशकदेखि नेपाली कथा डिजिटल प्रविधिमा प्रवेश गरेको छ, विभिन्न अनलाइन पत्रिका, साहित्यिक समूहलगायत विभिन्न सामाजिक सञ्जालका माध्यमबाट कथाले विस्तार पाएको देखिन्छ । यस चरणमा पनि पूर्वस्थापित कथाकारहरूको बाहुल्यता देखिए पनि नव कथाकारहरूको सशक्त उपस्थितिले कथाको आयाम फराकिलो देखिन्छ । उत्तरआधुनिकतावादी बहुलवादी धारा पछिल्लो समयको नेपाली कथाको प्रतिनिधिमूलक धारा रहेको देखिन्छ ।

**आन्दोलनहरू**

आधुनिक नेपाली कथाको नवचेतनावादी धारामा देखा परेका आन्दोलन र अभियानहरू धेरै छन् । तीमध्ये *आयामेली आन्दोलन, राल्फा आन्दोलन, अस्वीकृत जमात, अमलेख, योङ्ग राइटर्स फ्रन्ट र बुटपालिस, लीलालेखन* आदि चर्चित देखिन्छन् । आधुनिक नेपाली साहित्यको आरम्भदेखि नै युगीनसन्दर्भ राजनीतिक रूपले सत्ता नियन्त्रित देखिन्छ । तत्कालीन निरङ्कुश राणाशासनबाट मुक्त भएको एक दशक नबित्दै देशभित्र २०१७ देखि अलोकतान्त्रिक पञ्चायती शासनव्यवस्थाले जनआवाजलाई नियन्त्रित गरेको अवस्थामा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित देखिन्छ । यस्तो वातावरणबाट मुक्तिका लागि सचेत रूपमा साहित्यिक एवम् सांस्कृतिक आन्दोलन उठेको पाइन्छ । वि.सं. २०२० देखि नवचेतनावादी धाराको आरम्भ भएको बेला नेपालबाहिरको अवस्था फरक भए विश्व परिवेशको पनि केही मात्रमा प्रभावप्रेरणा रहेको देखिन्छ । नेपाली साहित्यको नवचेतनावादी धारा आन्तरिक र बाह्य रूपले जटिल परिस्थितिबाट अघि बढेको देखिन्छ । यस परिस्थितिमा साहित्य सिर्जनामा अभिव्यक्तिका परम्पराभिन्न वैकल्पिक शैलीहरू प्रयोग भएका कारण विविध विधामा परिवर्तनका नयाँ मोडहरू आएका देखिन्छन् । यस धाराका कथामा परिवर्तन ल्याउनका निम्ति सहयोगी प्रमुख आन्दोलनहरू यस प्रकार रहेका छन् :

***आयामेली आन्दोलन (सन् १९६३/वि.सं. २०२०)***

आयामेली आन्दोलनको घोषणा २०२० (सन् १९६३) मा दार्जिलिङमा भएको हो । यस आन्दोलनको पृष्ठभूमि फूल, पात, पत्कर (सन् १९६१) पत्रिकाको प्रकाशनसँगै तयार भएको हो । अशेष मल्लको *तेस्रो आयाम सैद्धान्तिक चिन्तन र विवेचना* पुस्तकमा उल्लेख भएअनुसार यस आन्दोलनको घोषणा 'तेस्रो आयाम' पत्रिकामार्फत भएको र यसै पत्रिकामा सर्वप्रथम 'आयामिक' शब्दको पनि प्रयोग भएको हो (शर्मा, २०६४: पृ.५९) । यस आन्दोलनका प्रमुख चिन्तक, प्रवर्तक र सहभागीहरूमा इन्द्रबहादुर राई, बैरागी काइँला र ईश्वरवल्लभ रहेका छन् । यो आन्दोलन परम्परागत साहित्य अर्थात् चेप्टो साहित्यका विरूद्धमा नयाँ मान्यतासहित देखा परेको हो (श्रेष्ठ, २०४८ :पृ.५) । साहित्यलाई हेर्ने शास्त्रीय दृष्टिकोणभन्दा फरक किसिमको मान्यताका रूपमा आयामेली आन्दोलनको सुरुवात भएको देखिन्छ । विषयवस्तुलाई त्यसको त्रिआयामिक अध्ययन र घनत्वको खोज लिएर

आएको तेस्रो आयामले नेपाली साहित्यको कथा, कविता र समालोचनामा प्रभाव पारेको देखिन्छ । आयामेली आन्दोलनका त्रिमूर्तिमध्ये बैरागी काइँला र ईश्वरवल्लभ कविता विधामा र नेपाली कथाक्षेत्रमा आयामेली कथाकारका रूपमा इन्द्रबहादुर राई प्रतिष्ठित छन् । २०२० जेठमा प्रकाशित तेस्रो आयाम वर्ष १, अङ्क १मा प्रकाशित इन्द्रबहादुर राईको 'ऊ त्यसरी बाँचेको छ, त्यसरी नै' पहिलो आयामेली कथा हो (धरावासी, २०५९: पृ. ९३) । तेस्रो आयामले आयामिक दृष्टिबाट कथामा गहनता र बौद्धिक पक्षमा जोड दिएको पाइन्छ । धरावासीका अनुसार नेपाली साहित्यमा सूत्रात्मक धारणासहित देखा परेको तेस्रो आयामका मूल मान्यता यसप्रकार रहेको छ :

(क) वस्तुको कुनै एक पक्ष, एक दृष्टिकोणले मात्र अध्ययन गरिनु हुँदैन, त्यसको बहुपक्षीय अध्ययन हुन्छ । सबै पक्षको अध्ययन गरेर मात्र त्यससँग परिचित हुन सकिन्छ । तसर्थ लेख्दा वस्तुको सम्पूर्णता लेख्नु पर्दछ ।

(ख) वस्तुको कुनै खास अर्थ हुँदैन, त्यसलाई अर्थ दिने काम उपभोक्ताको हुन्छ । उपभोक्ताको रुचि, मनस्थिति, दृष्टिकोणअनुसार वस्तुको अर्थ लाग्छ, यथार्थमा वस्तु स्वयम् अर्थहीन हुन्छ । त्यसको अर्थहीनता वस्तुता हो, वस्तुताबाट नै त्यसको अध्ययन गर्नुपर्दछ ।

(ग) टुक्रा सत्यहरू नलेखौँ, सम्पूर्णतामा लेखौँ; पूर्णता लेखौँ ।

तेस्रो आयामले जीवनलाई आयामको मूल विषयवस्तु मानेको देखिन्छ । आधुनिक लेखनले मात्र आधुनिक मान्छेको जिन्दगीलाई सिङ्गो रूपमा अभिव्यक्त गर्न सक्छ भन्ने आयामेली आन्दोलनले वस्तुता, सम्पूर्णता, अमूर्तता र बौद्धिकतालाई विशेष महत्त्व दिएको देखिन्छ । आयामिक लेखनको सैद्धान्तिक आधारस्रोतमा जेस्टाल्टवाद, घनत्ववाद र हिलियोग्राफलाई लिइएको छ (मल्ल, ई.१९८६, पृ.१७) । हरेक कुरालाई नवीन ढङ्गबाट अध्ययन गर्नुपर्ने बहुआँखाहरू तेस्रो आयामले जन्माउनुका साथै बौद्धिक र नयाँ दृष्टिकोण प्रस्ताव गरेको देखिन्छ ।

तेस्रो आयामले अघि सारेका आयामिक धारणाले कथामा सम्पूर्णता, वस्तुता, आद्यस्वरूप र चित्रकलाको सोझो साम्य भाषामा जोड दिएको पाइन्छ । तेस्रो आयामका त्रिमूर्तिमध्येका ईश्वरबल्लभ र वैरागी काइँला कविता विधामा सक्रिय रहेका र आयामेली कथाकारका रूपमा इन्द्रबहादुर राई स्थापित बनेका छन् । उनका खीर, ब्ल्याकआउट काजु, बदाम र छोरा, ऊ त्यसरी बाँचेको छ त्यसरी नै, मैनाकी आमा, जार भएकै एउटा कथा आदिमा आयामिक दृष्टिकोण पाइन्छन् । उनको कथास्था (ई.१९७२) लाई आयामेली कथाको प्रतिनिधि कथासङ्ग्रह मानिन्छ । सैद्धान्तिक चिन्तन तथा लेखन प्रविधिमा गहिराईको नयाँ खोज गरी आएका आयामेली कथाहरूले नवीन मूल्यमान्यताको स्थापना गरेका छन् । जीवनलाई हेर्ने वस्तुगत तथा वैज्ञानिक दृष्टिहरू विकसित भएका आयामेली कथामा वैकल्पिक आयामबाट कथारचना भएको पाइन्छ ।

यसरी तेस्रो आयाम नेपाली साहित्यमा नेपालबाहिरबाट घोषणा भएको आयामेली आन्दोलन हो । २०२० को उत्तरार्द्धमा पुगेर यस आन्दोलनको प्रभाव शिथिल देखिए पनि यसले लीलालेखनको लागि दरिलो पृष्ठभूमि तयार पारेको हो भन्न सकिन्छ । यसको आफ्नै सैद्धान्तिक आधार, मत र विश्लेषण रहेकाले कथा साहित्यका क्षेत्रमा नवीन चेतना वा आन्दोलनबनेको देखिन्छ ।

### *राल्फाली आन्दोलन (२०२३)*

दार्जिलिङमा आयामेली आन्दोलन चलेजस्तै **राल्फा**नेपाली साहित्यमा बीसको दशकको पूवार्द्धमा नेपालभित्र थालनी भएको साहित्यिक आन्दोलन हो । नयाँ पुस्ताका लेखकहरूले परम्परागत लेखन र चिन्तनशैलीबाट मुक्त हुने प्रयत्नस्वरूप एक दशकसम्म सक्रिय रहेको आन्दोलन हो । सत्ता र सरकारी संयन्त्रको निरङ्कुशता र अन्याय, अत्याचारविरूद्ध साहित्य, कला र सङ्गीतको माध्यमबाट आरम्भ भएको यस आन्दोलनमा अध्ययनशील र सिर्जनशील

युवाहरूको संलग्नता देखिन्छ । तत्कालीन व्यवस्थाको उकुसमुकुस परिवेशमा काठमाडौँका बौद्धिक युवाहरूको जमातले सामूहिक रूपमा२०२३ तिरआरम्भ गरेको विद्रोही आन्दोलन राल्फा २०२४को मध्यतिर अस्तित्वमा आएकोहो । परम्परा, इतिहास वा सामाजिक, सांस्कृतिक र साहित्यिक क्षेत्रका मूल्यमान्यताको विरोधमा राल्फा सङ्गठनको जन्म भएको देखिन्छ । राल्फा शब्दको कुनै अर्थ छैन र पश्चिमी ढाँचाको अन्धानुकरण गरेर राल्फा सन्तति(जेनेरेसन) नामाकरण गरेको पाइन्छ (शर्मा, २०६४, पृ.६५) । शब्दकोशमा कुनै अर्थ नभेटिए पनि यसमा संलग्न अभियन्ताहरूको जोशले गीत-सङ्गीत र साहित्यका माध्यमबाट राल्फाली आन्दोलनलाई अर्थपूर्ण बनाएको देखिन्छ । कुनै खास सैद्धान्तिक चिन्तनका साथ नआएको राल्फाली आन्दोलनको प्रेरणास्रोतमा विभिन्न किसिमका अपहेलनाबाट युवाहरूमा जन्मेको भावनात्मक विद्रोह रहेको पाइन्छ । यसमा प्रत्यक्ष संलग्न अभियन्ताहरूमा पारिजात, मञ्जुल, निनु चापागाइँ, विमल निभा, नोरेम, रामेश, रायन, अरिम, सुसन आदि हुन् र उनीहरूले आफ्नो नामको पछाडि राल्फा जोडेको देखिन्छ । यीमध्ये पारिजात, मञ्जुल र निनु चापागाइँ राल्फाली कथाकार हुन् भने अन्य गीत-सङ्गीत र कविता विधामा क्रियाशील रहेका देखिन्छन् । यहीँबाट विसङ्गतिवादी निस्सारतावादी चिन्तनद्वारा प्रेरित पारिजातको जीवनदर्शन र लेखन प्रगतिवादी धारतर्फ मोडिएको पाइन्छ । आन्दोलनका रूपमा अघि बढ्दै जाँदा राल्फाली आन्दोलनका अभियन्ताहरू मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादको दर्शनबाट अभिप्रेरित भएकाले यो आन्दोलन प्रगतिवादी धाराको मूल प्रवाहमा मिसिएको देखिन्छ । राल्फाली आन्दोलनका प्रमुख प्रवृत्तिहरूलाई धरावासी (२०५९)ले यसप्रकार देखाएका छन् :कृतिमा स्वतन्त्रताको पक्ष लिनु, इतिहासलाई अस्वीकार गर्नु, व्यक्तिलाई महत्त्व दिनु, यौन स्वतन्त्रतालाई मान्यता दिनु, अदृश्य शक्तिमा विश्वास नगर्नु आदि । (पृ.९३)

नेपाली साहित्यमा राल्फाली आन्दोलनले केही समय तहल्का मच्चाएको देखिन्छ । यसका शक्ति र सीमासहित राल्फाली आन्दोलनको ऋषिराज बरालले समीक्षा यसरी गरेका छन्:*विसङ्गतिवादी अस्तित्ववादबाट अराजकता हुँदै प्रगतिवादमा सङ्क्रमण गर्न पुगेको राल्फा आन्दोलनको वैचारिक आधारभित्र एकातिर पारिजातको निस्सार शून्यबोध, मंजुलको आवेग र भावुकतापूर्ण आक्रोश, विमलको चर्को यौन स्वतन्त्रता र अर्कोतिर निनुमा तिक्खर बौद्धिकता र सामाजिक असन्तुष्टिको आग्रह भेटिन्छ* (शर्मा, २०४६, पृ.६७) । यसरी नेपालीसाहित्यमा एउटा युवाजोस जाँगरसहित प्रारम्भ भएको राल्फाली आन्दोलनले कथाको नवचेतनावादी धारलाई अघि बढाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसमा संलग्न भएका अधिकांश अभियन्ताहरू प्रगतिवादको मूलधारतिर समाहित भएकाले राल्फाली आन्दोलन तीसको दशकदेखि निष्क्रिय भई इतिहासमा सीमित बनेको देखिन्छ ।

### *अस्वीकृत जमात (२०२६)*

नेपाली साहित्यमा बीसको दशकमा नेपालभित्र थालनी भएको साहित्यिक आन्दोलन हो-अस्वीकृत जमात । यस जमातको कुनै निश्चित सैद्धान्तिकको धरातल नरहेको भए पनि भिन्न साहित्यिक धारणासहित देखापरेको वैचारिक समूह हो । यो आन्दोलन भावुक युवा पुस्ताका कथाकारहरूद्वारा कथा विधालाई नै प्रधानता दिँदै प्रारम्भ भएको हो । कोकससँग कस्तो अस्वीकृति भन्ने प्रष्ट नभए पनि यस जमातको घोषणापत्र मान्यता मन्त्र (५,२०२७) मा प्रकाशित भएको पाइन्छ (शर्मा, २०६४, पृ.७०) यस जमातलाई दयाराम श्रेष्ठले "प्रथम विश्वयुद्धपछिको फ्रान्सेली दादावादी चिन्तन र पश्चिमको बिट ग्रुप, भारतको हङ्ग्री जेनेरेसन, साथै प्रिन्स क्रोपाटकिन अराजकतावादी चिन्तनबाट प्रभावित भएकाले साहित्यिक, सामाजिक, नैतिक, यौनिक मूल्यलाई भङ्ग गर्दै वास्तविकता वा स्वाभाविकतामाथि जोड दिन्छ" भनी मूल्याङ्कन गरेका छन्(श्रेष्ठ, २०५९, पृ.३४४) । अस्वीकृत जमातलाई बाहिरी नक्कल मानिए पनि यसका अलग सामूहिक अवधारणा र प्रयासको प्रभाव प्रेरणा दरिलो रहेको पाइन्छ । प्रत्येक व्यक्तिका मान्यतालाई स्वतन्त्र महत्त्व दिएर पनि जमातमा देखिनु यस समूहको विशेषता रहेको यो

जमात वाद वा विचारमा आधारित नभई समाजप्रतिको आक्रोसलाई व्यक्त गर्ने शैली लिएर देखा परेको हो (सुवेदी, २०५१, पृ.) । परशु प्रधान, कविताराम श्रेष्ठ र शैलेन्द्र साकारद्वारा प्रारम्भ गरिएको यस आन्दोलनमा अन्य धरै युवा कथाकारहरू सक्रिय देखिन्छन् । तत्कालीन राज्यसत्ताबाट, इतिहासबाट, समाजबाट तथा सबैतिरबाट उपेक्षित भएका तल्लो तहका नागरिकका पक्षमा निर्भीकतापूर्वक उभिने युवापुस्ताको जमात देखिन्छन् ।

***लीलालेखन***

आधुनिक नेपाली साहित्यमा तीसको दशकको पूवार्द्धमा बौद्धिक लेखन प्रयोगका रूपमा लीलालेखनको घोषणा भएको देखिन्छ । आयामेली आन्दोलनको पृष्ठभूमिमा विकसित भएको लीलालेखनको उद्घोष कथाकार इन्द्रबहादुर राईद्वारा २०३४ सालमा भएको हो । रूपरेखा पत्रिकाको २००औँ अङ्कमा 'भ्रान्तिहरू र लीलालेखन मात्र'(२०३४) शीर्षकको लेख नै लीलालेखनको प्रस्ताव हो (राई, २०३४, पृ. ९५-१०१) । यस प्रस्तावमार्फत उनले एउटै वस्तुलाई द्रष्टाले विभिन्न रूपमा देख्ने हुँदा साहित्यमा जीवनको भ्रम, धारणाको लीलार भ्रान्तिको अभिनयलाई बौद्धिक सङ्गतिमा हेर्न खोज्नु लीला वा भ्रान्ति रहेको विचार उठान गरेको देखिन्छ । तेस्रो आयामले जति चाँडो लीलालेखनको प्रस्तावले प्रभाव पार्न नसके पनि इन्द्रबहादुर राईले प्रस्तावअनुरूपका कथा लेख्न थालेपछि यसको प्रायोगिक पक्षले पाठकको ध्यानाकर्षण गर्न थालेको देखिन्छ । लीलालेखनको प्रस्तावना, घोषणा र आन्दोलन गरी तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ (शर्मा, २०६४, पृ.८१) । यसको प्रस्तावना २०३४ रूपरेखामा प्रकाशित 'भ्रान्तिहरू र लीलालेखन मात्र' लेखबाट भएको हो भने लीलालेखनको घोषणा २०४६ मा कठपुतलीको मन कथासङ्ग्रहबाट र आन्दोलनको विस्तार २०५३ पछि भएको पाइन्छ । यस समयसम्म लीलालेखनमा राईले एक्लै बौद्धिक र सिर्जनात्मक यात्रा गरेपनि त्यसपछि यसका बारेमा व्यापक छलफल, व्याख्या, विमर्शहरू भएको तथा सिर्जनात्मक किसिमले विभिन्न साहित्यकारहरूले यसलाई सामूहिक आन्दोलनका रूपमा अघि बढाएका छन् ।

लीलालेखन साहित्यिक लेखनको एउटा प्रविधि हो । यसलाई साहित्य सिर्जनाको लीलाप्रविधिका रूपमा धेरै व्याख्या विवेचन र आलोचना पनि गरिएको पाइन्छ । कठपुतलीको मन कथासङ्ग्रहमा राखिएको लीलालेखनको बीस सूत्रीय घोषणाअनुसार लीलालेखनमा वस्तुता, लीलापात्र, भाषिक लीला, अर्थको अनेकता, शब्दको अनिश्चितता, विधाभञ्जन, विधाविघटन, कृति अनि खेल र भ्रान्ति प्रमुख देखिन्छन् । लीलालेखनको सैद्धान्तिक अवधारणासहित पत्रपत्रिकामा प्रकाशित भएका इन्द्रबहादुर राईका जन्ती, आँगनको घाममा लाटा, विश्व तिम्रो चरणमा, महारूदन, घाँसीआदि लीलालेखनमा आधारित कथाहरू हुन् भने उनकै कठपुतलीको मन (२०४६) लीलाकथाहरूको पहिलो कथासङ्ग्रहका रूपमा रहेको छ । आख्यान विधाको समकालीन प्रयोगका रूपमा स्थापित लीलालेखन कठपुतलीको मन (२०४६) देखि कृतिगत रूपमा पनि सक्रिय देखिन्छ । गुरुप्रसाद मैनालीको परालको आगो कथालाई लीलालेखनको विभिन्न प्रविधि प्रयोग गरी पुनर्लेखन गरेर कठपुतलीको मन बनाइएको छ । कथा सिर्जनामा लीलालेखनलाई आधार बनाई लेखिएका कृष्ण धरावासीको झोला, रत्नमणि नेपालको कथाइन्द्रेणी, कृष्ण बरालको कथा च्यातिएका, दिनबन्धु शर्माको भत्किँदै किल्लाहरू आदि कथासङ्ग्रहहरू महत्त्वपूर्ण रहेका छन् । यस आन्दोलनलाई सञ्जीव उप्रेती, विष्णुकुमार भट्टराइ, राजेन्द्र भण्डारी लगायतका सर्जकहरूले प्रयोगात्मक र विषयगत गहनता दिएर अघि बढाएका छन् । लीलालेखनले पश्चिममा चलेको उत्तरआधुनिकतावादी लेखन प्रविधिमा पूर्वीय धारणा तथा दृष्टिकोणहरूलाई समेटेको पाइन्छ । मिथकीयताको सबैभन्दा दरो आधार लीलालेखनका कथाहरूले पाएका छन्(धरावासी, २०५९, पृ.९४) । परम्पराभन्दा नितान्त भिन्न किसिमका शैलीमा लेखिएका लीलालेखनका कथामा पुरातन तथा नवीन चिन्तनका साथै बौद्धिक घनत्व अत्यधिक पाइन्छ । लीलालेखनका विशेषताहरूका बारेमा समालोचकहरूबीच विभिन्न मतभिन्नता रहेको देखिन्छ । लीलालेखनमा

आधारित लीलाकथामा जीवन-जगत्मा रहेका भ्रमहरूलाई देखाउने प्रयत्न वा भ्रमको उत्खनन गर्दै तिनै भ्रमहरूभित्र जीवनका इहलौकिक समस्याहरूका वस्तुपरक चित्रण गर्ने र भ्रमहरूकै बीच सुखदुःखका सङ्घर्षहरूमा सक्रिय रहेको बोध गराउने विशेषता रहेको देखिन्छ ।

समकालीन नेपाली साहित्यमा उत्तरआधुनिकताको प्रवेश लीलालेखनबाट भएको मानिन्छ । लक्ष्मणप्रसाद गौतम(२०६८)ले लीलालेखनलाई उत्तरआधुनिकतावादको नेपाली संस्करण मान्न सकिने धारणा राख्दै नेपाली साहित्यमा उत्तरआधुनिकतावादी सञ्चेतनाको प्रथम प्रायोगिक रूप कठपुतलीको मन, लीलालेखनलाई प्रथम उत्तरआधुनिक चेतना र इन्द्रबहादुर राईलाई प्रथम उत्तरआधुनिक सचेतक मान्न सकिने (पृ.१००) भनी यस आन्दोलनको मूल्याङ्कन गरेका छन् । लीलालेखनले उत्तरआधुनिकतावादका अध्यात्मवाद, भिन्नता वा भ्रान्तिहरू, विपठन र विनिर्माण, अनिश्चितता, भाषिक चिह्न र सङ्केतको महत्त्व, लेखकीय मृत्यु आदिजस्ता प्रवृत्ति वा धारणालाई समेटेको देखिन्छ । साहित्यिक विधा, अर्थ र भाषामा अनिश्चितता देख्ने लीलालेखनले 'खेलौँ बाँच्ने खेल' लाई लेखनको मूल सार बनाएको देखिन्छ । लीलालेखनलाई सैद्धान्तिक, समालोचनात्मक र सिर्जनात्मक गरी तीन प्रकारका सामग्रीद्वारा विस्तारित गरिएको पाइन्छ । चरणबद्धरूपमा अघिबढेको लीलालेखनका मूल विशेषता वा धारणाहरूको आधारमा गोविन्दराज भट्टराई, दयाराम श्रेष्ठ, ऋषिराज बरालआदिले यसलाईमूल्याङ्कन गर्दै उत्तरआधुनिकतावादी चिन्तनबाट अभिप्रेरित आन्दोलन मानेका छन् । लीलालेखनका सैद्धान्तिक पक्षमा बौद्धिक जमातद्वारा गहन विमर्श गरिएका कृति तथा पत्रिकाहरूमा लीलाप्रस्तावना, लीलालेखन, लीलावार्ता र अन्तर्वार्ता, लीलादृष्टि, वनिता(लीला विशेषाङ्क), मियो (लीलालेखन, लीला विशेषाङ्क) आदि महत्त्वपूर्ण रहेका छन् । यसको लेखन वा प्रायोगिक पक्षचाहिँ व्यक्तिपिच्छे फरक रहेको देखिन्छ । लीलाविचार समन्वयवादी भएकाले यो लेखन सबै चिन्तनसँग नजिक रहेर व्यक्तिगत प्रयोगमा स्पष्ट हुने विचार पनि हो (शर्मा, २०६४, पृ.९०) । बहुल अर्थ र केन्द्रीय सत्ता नभएको क्रीडामय लेखन लीलालेखनमा स्वीकार्य देखिन्छ ।पश्चिमी साहित्यमा चर्चित उत्तरआधुनिक चिन्तनलाई पूर्वीय चिन्तनको शैलीमा ढालेर लीलालेखनका रूपमा नेपाली साहित्यमा भित्र्याउनु यस आन्दोलनको महत्त्वपूर्ण पक्ष रहेको देखिन्छ ।

यसरी नेपाली साहित्यमा चलेका विभिन्न आन्दोलनहरूमध्ये लीलालेखन मौलिकता बोकेको आन्दोलन हो । यसले पूर्वीय स्रोतबाट साहित्यको नयाँ सिद्धान्त प्रतिपादन गर्ने प्रयत्नलाई स्थापित गरेको छ । लीलालेखनले नेपाली साहित्यको मूलतः आख्यान (कथा) विधामा विशेष प्रभाव पारेको छ साथै अन्य आन्दोलनको तुलनामा यसले लामोसमयसम्म आफ्नो प्रभाव कायम राख्न सफल देखिन्छ ।

**कथामा आन्दोलनको प्रभाव**

आधुनिक नेपाली कथाका नवचेतनावादी धारामा देखिएका विभिन्न आन्दोलनहरूले महत्त्वपूर्ण प्रभाव छाडेका छन् । यस सन्दर्भमा दयाराम श्रेष्ठको धारणा यसप्रकार रहेको पाइन्छ :

> यस दशकमा परम्पराविरोधी साहित्यिक आन्दोलनहरू यथेष्ट मात्रमा मच्चिए, जसको आग्रह थियो नयाँ परम्पराको स्थापनाद्वारा नेपाली कथासाहित्यको कायापलट गर्ने । नभन्दै आधुनिकताको नयाँ आयाममा नेपाली कथाहरूको आकृति बदलियो, मान्यता फेरियो र नयाँ परिभाषाका कथाहरूलाई हेरियो । यसरी कथाका सम्पूर्ण परम्परागत मूल्यहरू विघटित भए । यसको स्वरूप पाश्चात्य संसारको निकट पुग्यो । ( श्रेष्ठ, २०५९: पृ.२२)।

उपर्युक्त कथनबाट विभिन्न साहित्यिक आन्दोलन परिवर्तनको आग्रह लिएर सुरू भएको देखिन्छ । कथासाहित्यमा आमूल परिवर्तन गर्ने उद्देश्यले भएका ती आन्दोलनले नेपाली कथाको संरचना तथा रूपविन्यासमा नवीनताको स्थापना गर्न भूमिका खेलेको पाइन्छ । तत्कालीन समयमा नेपालमा पञ्चायती व्यवस्थाको एकदलीय निरङ्कुशता विरूद्ध आवाज उठाउने काम नवचेतनावादी कथाहरूले गरेका छन् । लेखकका अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रतिबन्धविरूद्ध राजनीतिक व्यङ्ग्य विद्रोह, साहित्यिक-सांस्कृतिक जागरण र बहुलवादी चेतना उठाएको देखिन्छ । त्यसको फलस्वरूपः देखिएका विभिन्न साहित्यिक अभियान तथा आन्दोलनहरूले नेपाली कथाको प्रगतिवादी वैचारिकधारलाई सशक्त रूपमा अघि बढाएको देखिन्छ ।

## निष्कर्ष

आधुनिक नेपाली कथाको नवचेतनावादी धारा साहित्यिक चेतनाको नवयुग देखिन्छ । नेपाली कथाको विकासक्रममा विभिन्न किसिमका अभियान, आन्दोनल, पर्व, काण्ड आदि रहेको ऐतिहासिक जानकारी पाइन्छ । देशको सामाजिक, सांस्कृतिक एवम् सबै कुराको केन्द्र राजनीति भएका कारण यसको प्रत्यक्ष प्रभाव साहित्यमा परेको देखिन्छ । यसैले नेपाली साहित्यिक आन्दोलनहरूका पृष्ठभूमिमा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशको महत्त्वपूर्ण भूमिका रहेको छ भने नेपालभित्र र बाहिर दुवैतिरबाट आन्दोलनको उठान भएको देखिएको छ । नेपाली कथाविधासँग सम्बद्ध विभिन्न आन्दोलनहरू रहेपनि यस लेखमा तेस्रो आयाम वा आयामेली आन्दोलन, राल्फाली आन्दोलन, अस्वीकृत जमात र लीलालेखनका बारेमा चर्चा गरिएको छ । यस अध्ययनबाट नेपालबाहिर दार्जिलिङबाट आरम्भ भएका दुई आन्दोलनहरू आयामेली आन्दोलन र लीलालेखन बीस र तीस दुईवटा दशकका प्रतिनिधि चिन्तन पनि हुन् । यी दुवैका प्रवर्तक इन्द्रबहादुर राई हुन् भने दुवै सैद्धान्तिक चिन्तनसहित अघि सारिएका लेखन मान्यता हुन् । विशेषतः आयामेली आन्दोलन र लीलालेखन कथाको लेखन प्रविधिका रूपमा देखिन्छन् भने बौद्धिक गहिराई र उत्तरआधुनिक चेतना यी दुवैमा देखिने समान प्रवृत्ति हुन् । आयामेली आन्दोलनको प्रभावकारिता एक दशकजति रहेको र इन्द्रबहादुर राइकै लेखनीमा सीमित रहेको भए पनि लीलालेखन तेस्रो आयामको जगमा थालनी भएर नेपालभित्र विस्तार भएको आन्दोलन हो । त्यस्तै राल्फाली आन्दोलन र अस्वीकृत जमात दुवै नेपाली युवाहरूको जोसजाँगर र विद्रोही चेतनाको अभिव्यक्ति स्वरूप देशभित्र थालिएका प्रतिनिधि आन्दोलन हुन् । कथा विधाका माध्यमबाट परम्परागत मूल्यमान्यता र निरङ्कुशताप्रतिको विद्रोहलाई नवीन शैलीमा अभिव्यक्त गर्ने प्रवृत्तिले प्रयोगपरकतालाई प्रश्रय दिएको पाइन्छ । यी दुवै आन्दोलनमा संलग्न अधिकांश लेखकहरूले आफूलाई प्रगतिवादी धारमा समाहित गरेकाले नेपाली कथाको प्रगतिवादी धारा अत्यन्त सबल बनेको देखिन्छ । स्वतन्त्र कथालेखनमा सक्रिय कथाकारलाई नेपाली कथासाहित्यमा स्थापित गर्न पनि यी आन्दोलनले प्रशस्त भूमिका खेलेको देखिन्छ । समग्रमा नेपाली कथाको नवचेतनावादी धारामा नेपालभित्र र बाहिरबाट थालिएका आन्दोलनहरूले कथ्य-संरचना, शिल्प-शैली र प्रवृत्तिमा नयाँ चेतना र प्रयोगसहित नवयुगको प्रवर्द्धन गरेको देखिन्छ ।

## सन्दर्भसामग्री

गौतम, लक्ष्मणप्रसाद (२०६८), नेपाली कथामा उत्तरआधुनिक चेतना, *कथाविमर्श* (सम्पा.: सनत रेग्मी, भाउपन्थी). नेपाल प्रज्ञा- प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९) *नेपाली कथाको इतिहास,* नेपाल प्रज्ञा- प्रतिष्ठान ।

बराल, ऋषिराज (२०४६). नेपाली साहित्यमा राल्फा आन्दोलन मूल्याङ्कनका प्रश्न, ***लहर***. वर्ष ११, पृ. १५-१९ ।

मल्ल, अशेष(१९८६ ई.). *तेस्रो आयाम सैद्धान्तिक चिन्तन र विवेचना,* गान्तोक प्रकाशन ।

धरावासी, कृष्ण (२०५९). आधुनिक नेपाली कथा : प्रवृत्ति विश्लेषण. *समकालीन साहित्य.* वर्ष ४, अङ्क ४, पूर्णाङ्क १६, नेपाल प्रज्ञा- प्रतिष्ठान ।

राई, इन्द्रबहादुर (२०३४). 'भ्रान्तिहरू र लीलालेखन मात्र'. *रूपरेखा* (सम्पा.), वर्ष १२, अङ्क ८, पूर्णाङ्क २००, पृ. ९५-१०१ ।

वर्मा, धीरेन्द्र र अन्य (सम्पा.) (१९८५ ई.). *हिन्दी साहित्यकोश भाग 1.* ज्ञानमण्डल लिमिटे**ड** ।

शर्मा, हरिप्रसाद (२०५९). *कथाको सिद्धान्त र विवेचना* (दोस्रो संस्क.). काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, सुकुम (२०६४). *नेपाली, भाषा-साहित्यमा आन्दोलन,* एकेडेमिक बुक सेन्टर ।

श्रेष्ठ, दयाराम (२०४८).*नेपाली साहित्यका केही पृष्ठ,* (चौथो संस्क).साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०५९). *नेपाली कथाको इतिहास,* साझा प्रकाशन ।

सुवेदी, देवीप्रसाद (२०५१). कवितारामः अस्वीकृत जमातदेखि स्वभाववादसम्म, *समकालीन साहित्य,* वर्ष ४, अङ्क ४, पूर्णाङ्क १६, नेपाल प्रज्ञा- प्रतिष्ठान ।